(Notice no: RPLPKO/2082/2083-2)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/१२/०९**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना-दोस्रो चरण (NVQS P-II) तथा कटारी नगरपालिका तर्फको, निःशुल्क **पूर्व-सिकाइको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा सञ्चालन हुने **एकाईगत दक्षता** (Unit-based Competency) को **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रहरूमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**क) फारम सङ्कलन केन्द्र, सीप परीक्षण हुने व्यवसाय र तहः**

| क्र.स. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क नं. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यलय, इटहरी, सुनसरी | ९८५२०८८९९५ | गार्मेन्ट फेब्रिकेटर | २ |
| | | | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | | | ब्युटिसियन | २ |
| २. | मनमोहन मेमोरियल पोलीटेक्निक हात्तिमुडा, बुढीगंगा, मोरङ | ०२१-६२२०५८<br>०२१-५९०६९७<br>९८५२०८६५९८ | वेल्डर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | रेफ्रिजिरेसन तथा ए.सि. मेकानिक | २ |
| | | | कम्प्यूटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |

CTEVT Koshi Province

| | | | | |
|---|---|---|---|---|
| ३. | पाथिभरा हिमालयन पोलीटेक्निक इन्स्टिच्युट, इटहरी, सुनसरी | ९८४२१४८७४५<br>९८१९३३१७१६<br>०२५-५८१४५७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| ४. | झापा प्राविधिक शिक्षालय, विर्तामोड, झापा | ०२३-५३२४८८<br>०२३-५३३७८८<br>९८४२६५३०९५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | बिल्डिङ पेन्टर | २ |
| ५. | दमक टेक्निकल एजुकेशन फाउण्डेशन प्रा. लि., दमक, झापा | ९८५२६५०५१८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ६. | सुम्निमा पोलीटेक्निक इन्स्टिच्युट, देउराली, भोजपुर | ०२९-४२०७१६<br>९८५२०५२२५६ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल मार्वल फिक्सर | १ |
| ७. | कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी, उदयपुर | ९८४२९१२३५७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | वेल्डर | २ |

**नोटः निम्न व्यवसायका आवेदन फारमहरु तपसिलका स्थानहरुमा पनि बुँझाउन सकिनेछ।**

| क.स. | आवेदन फाराम सङ्कलन | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी | ९८५२०८८९९५ | माथि उल्लेखित सबै व्यवसाय | २ |
| २. | सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, कोशी प्रदेश, विराटनगर | ०२१-५९०७०५ | माथि उल्लेखित सबै व्यवसाय | २ |

CTEVT Koshi Province

**ख)** <u>**आवेदनको लागि न्यूनतम योग्यता:**</u>

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग)** <u>**आवेदन फाराम तथा रजिस्ट्रेसन शुल्क:**</u> **रु २७०/- (आवेदकले व्यहोर्ने)**

**घ)** <u>**सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:**</u>

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालयको कोशी प्रदेशको वेवसाइट https://mosd.koshi.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कोशी प्रदेश कार्यालयको वेवसाइट https://ctevtkoshi.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ। आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/१२/२९ गते भित्र बुझाउनु पर्ने छ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन सकिनेछ।

२) आवेदन फारामको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र ( अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध- सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त नीजि रोजगारदाता संस्था उद्योग व्यवसायीले सम्बन्धीत पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

३) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारीस पत्र पेश गर्न सक्नेछ ।

४) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

५) कुनै पनि पेशा तहमा स्वीकृत आवेदन सङ्ख्या पाँच (५) भन्दा कम भएमा सो पेशा तहको सीप परीक्षण संचालन गरिने छैन ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरु स्वतः रद्द हुनेछन ।

CTEVT Koshi Province

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट गराइने छ । सीप परिक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर ( सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिस्ट्रेशन नं अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने छ । यसरी पुनः सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथी पुनः परीक्षण कोठामा कोठामा चिन्ह लगाउनु पर्नेछ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन्।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाइहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाइको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्।

१२) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले) उक्त अवधि भित्र अनलाइन फाराम प्रविष्ट गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सके पछि इन्ट्री बापत प्रति फारम रु.७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्नु पर्ने छ। रकम जम्मा गर्दा केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय, ईटहरी, सुनसरी च. हि.खाता नं.२५५०१००००१२७८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेशको मोवाइल नम्बर ९८५२०८८९९५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको फोन नम्बर ०२१-५९०७०५ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Koshi Province